# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी, झापा
## १न प्रदेश

Ph.no: 023401144,023401155
Website: www.kankaimun.gov.np
E-mail: info@kankaimun.gov.np

सूचना! सुचना !! सूचना!!!

**युवा स्वरोजगार कार्यक्रम संचालन सम्बन्धि बैंक तथा वित्तीय संस्थासंग सहकार्य गरि ऋण लगानी गर्ने सम्बन्धि सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०७८/०६/११

प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७८/०६/ १३

कनकाई नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७५ (प्रथम संसोधन २०७८) बमोजिम, यस कनकाई नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम अन्तर्गत कृषि क्षेत्रतर्फ लगानी गर्ने उद्देस्यले बैंक तथा वित्तीय संस्थासंग सहकार्य गरेर कृषि, पशुपन्छी तथा मत्स्य बिकास तर्फ यस नगर अन्तर्गत कृषक समुह, बिपन्न कृषक, कृषि सहकारी तथा फर्म आदिलाई ब्याज अनुदानको ऋण लगानी गर्ने उद्देस्य राखेकोले तपशिलका सर्त बमोजिम कनकाई नगरपालिकासंग सहकार्य गरि यस नगरपालिकाको कृषकलाई ब्याज अनुदानको ऋण रकम लगानी गर्न चाहने बैंक तथा वित्तीय संस्थाले आजको मितिले ३ दिन भित्र आवेदन पेश गर्नुहुन अनुरोध छ।

तपशिल

१. बैंक तथा वित्तीयसंस्थाले ऋण लगानी गर्नका निमित्त न्युनतम १ करोड नगद नगरपालिकाले मुद्दती खातामा राखेर सोहि नगद्लाई धितो मानेर सो निक्षेपको न्युनतम ३ गुणा ज्यादा रकम कृषकको धितो बिना ऋण लगानी गर्नु पर्ने।

२. बैंक तथा वित्तीय संस्थाले लगानी गर्ने सम्पूर्ण ऋण कृषि ऋणको ब्याज अनुदान अन्तर्गत लगानी हुनुपर्ने छ।

३. ऋण प्राप्त गर्ने कृषकहरु, नगरपालिका र बैंक प्रतिनिधि सहितको समितिले छनौट गर्ने हुनाले ऋण प्राप्त गर्ने कृषक छनौट भएपश्चात त्यस्ता कृषकहरुलाई बैंक तथा वित्तीय संस्थाले स्वत ऋण लगानी गर्नु पर्नेछ।

४. ऋण लगानी गर्ने बैंक तथा वित्तीय संस्थाको, यस नगरपालिका अन्तर्गत शाखा भएमा प्राथमिकता दिईनेछ। नगरपालिका अन्तर्गत शाखा नभएका बैंक तथा वित्तीय संस्थाको हकमा यसै प्रयोजनले यसै नगरपालिका अन्तर्गत पायक पर्ने ठाउमा रही नियमित सेवा उपलब्ध गराउनु पर्नेछ।

५. अन्य प्राबधानहरु कनकाई नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७५ (प्रथम संसोधन २०७८), प्रचलित कानुन तथा सम्झौता बमोजिम हुनेछ।

६. बिस्तृत जानकारीको लागि निम्न व्यक्तिहरुलाई सम्पर्क गर्न सकिनेछ।

(क) बिबेक भण्डारी - प्रशासन शाखा प्रमुख, कनकाई नगरपालिका - मोबाइल नं. ९८५२६३०११७

(ख) यदु कुमार उप्रेती - कृषि शाखा प्रमुख, कनकाई नगरपालिका - मोबाइल नं. ९८१४९९१५५९/९८६८५२३७०१

यदु कुमार उप्रेती

कृषि शाखा प्रमुख